# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रीय कार्यालय Central Office**

**कानुन महाशाखा Legal Affairs Division**

**हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal**


## परामर्श सेवाको लागि आवेदन गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७६ फागुन २३**

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुरबाट तपसिलमा उल्लेख भएबमोजिमका शर्त बन्देजको अधिनमा रही "**वाग्मती प्रदेश सभाबाट पारित कानूनहरूको मानव अधिकारको दृष्टिकोणबाट पुनरावलोकन**" सम्पन्न गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । अतः उल्लिखित विषयमा कानुन पुनरावलोकन गर्न इच्छुक र योग्य विशेषज्ञहरूले यो सूचना प्रकाशित भएको मितिले सातदिन भित्र आयोगको tikaram.pokharel@nhrcnepal.org र shyam.kafle@nhrcnepal.org मा सूचना प्रकाशित भएको सातौं दिनको ५ बजेभित्र आवेदन गर्न हुन सूचित गरिन्छ ।

**शर्त बन्देजहरू**

१. कानुन पुनरावलोकन (विशेष गरी प्रदेश सभाबाट जारी कानुनको पुनरावलोकन) सम्बन्धी अनुभव प्राप्त गर्नुभएका इच्छुक व्यक्तिहरूले आफ्नो Bio-data सहितको आवेदन माथि उल्लिखित इमेल ठेगानामा पठाउनु पर्नेछ ।

२. परामर्शदाताले आयोगसमक्ष प्रस्तुत गर्ने पुनरावलोकन मस्यौदामा निम्न विषयहरू समावेश भएको हुनु पर्नेछ :-

- वाग्मती प्रदेशबाट जारी कानूनहरू,
- ती कानुनहरू र सर्वोच्च अदालततबाट जारी भएका सम्बन्धित न्यायिक निर्णय तथा आदेशहरू,
- राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भई प्रकाशति मानव अधिकारसँग सम्बन्धित महत्वपूर्ण निर्णयहरू,
- सभाबाट पारित कानुनहरूको नेपालको संविधान, सर्वोच्च अदालतको आदेश र यस आयोगका निर्णय एवं सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरू सँगको तादाम्यता,
- अध्ययनको आधारमा राष्ट्रिय मानव अधिकार आयोगबाट वाग्मती प्रदेश सभासमक्ष प्रस्तुत गर्नुपर्ने सुझाव तथा सिफारिसहरू,

३. माथि उल्लेख भएबमोजिम प्राप्त आवेदनहरू उपर छनौट गरी अन्तिम निर्णय गर्ने अधिकार आयोगमा निहित रहेको छ । प्रदेश कानुनहरूको पुनरावलोकन गरिसकेका आवेदकलाई प्राथमिकता दिन सकिननेछ ।

४. परामर्शदातालाई नियमानुसारको पारिश्रमिक उपलब्ध गराईनेछ ।